# बेलबारी नगरपालिका

## आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम

**सभा सदस्यज्यूहरू,**

*आज हामी बेलबारी नगरपालिकाको १९ औं नगर सभा अधिवेशनको पहिलो बैठकमा उपस्थित भएका छौँ। बेलबारी नगरपालिकाको प्रमुखको रूपमा आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम गरिमामय सभामा प्रस्तुत गर्न गहिरेहको छु ।*

*सर्वप्रथम, नेपाल राष्ट्र, राष्ट्रियता र स्वभिमानको रक्षार्थ सहादत प्राप्त गर्नुहुने वीर सहिदहरू देखि संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, विकास तथा सुदृढीकरणसम्मको विभिन्न कालखण्डमा नेपालको सामाजिक रूपान्तरण लोकतन्त्र तथा नागरिक अधिकार प्राप्तिका लागि भएका सबै आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरू प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । घाइते तथा वेपत्ता योद्धाहरूले पुर्याउनु भएको योगदानको स्मरण गर्दै उच्च सम्मान व्यक्त गर्दछु ।*

*सुशासनको प्रवर्धन, भ्रष्टाचार नियन्त्रण तथा जवाफदेही शासन व्यवस्थाको सुदृढीकरणका लागि बेलबारी नगरपालिका प्रतिबद्धता व्यक्त गर्दछ । लोकतान्त्रिक मूल्य, विधिको शासन तथा नागरिक उत्तरदायित्वको भावनालाई कमजोर बनाउने कुनै पनि गतिविधि स्वीकार्य हुन सक्दैन । लोकतान्त्रिक शासन प्रणालीमा नागरिकहरूले आफ्ना विचार, माग तथा असन्तुष्टि शान्तिपूर्ण र सभ्य ढंगले अभिव्यक्त गर्न पाउनुपर्छ । शान्ति, स्थिरता, सुशासन, पारदर्शिता, जवाफदेहिता तथा विधिको शासनको सुदृढीकरणमार्फत नागरिकको विश्वास अझ बलियो बनाउन सबै पक्ष जिम्मेवार र संयमित बन्नुपर्ने आवश्यकतामा बेलबारी नगरपालिका प्रतिबद्ध रहेको छ ।*

*नेपालको संविधानबाट संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएसंगै स्थानीय तहहरूले विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहका महत्वपूर्ण जिम्मेवारी प्राप्त गर्दै आएका छन्। नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले स्थानीय सरकार प्रति नागरिकका अपेक्षा र आकाङ्क्षाहरू व्यापक र असीमित छन्। सीमित स्रोत, साधन र अवसरका बाबजुद सङ्घीय शासन प्रणाली अन्तर्गत सहकार्य, समन्वय र सहअस्तित्वको मूल मर्मलाई आत्मसाथ गर्दै "***समृद्ध नेपाल सुखी नेपाली***" को राष्ट्रिय लक्ष्यमा स्थानीय तहको सहभागिता र योगदान सुनिश्चित गर्दै ''***कृषि, उद्योग, पर्यटन र व्यापारको माध्यमबाट व्यापक रोजगारी सृजना गरी वि.सं. २०९० भित्र कोशी प्रदेशको नमूना नगरपालिका बनाउने"*** *लक्ष्यका साथ हामी अघि बढिरहेका छौँ।*

*यस उद्देश्य प्राप्तिका लागि विगतमा प्रारम्भ गरिएका सकारात्मक अभ्यास र उपलब्धिहरूलाई निरन्तरता दिँदै* **"बेलबारी नगरपालिकाको विकासको आधार : कृषि, शिक्षा, पर्यटन, खेलकुद र व्यापार"** *भन्ने दीर्घकालीन सोचलाई आत्मसात् गरी समृद्ध, सुशासित र आत्मनिर्भर बेलबारी निर्माणतर्फ नगरपालिकाले आफ्नो यात्रा निरन्तर अगाडि बढाइरहेको सर्वविदितै छ। । स्थानीय तहको पुनर्संरचना पश्चात बेलबारीलाई समुन्नत शहर निर्माणका लागि निर्वाचित भएदेखि नै प्रयत्न गरिरहेका छौं। हाम्रो प्रयास, जनताको विश्वास र सहयोगले बेलबारी समृद्धिको यात्रामा विस्तारै अगाडि बढिरहेको छ। यसलाई जीवन्त शहरको रूपमा विकास गर्नका लागि अझै धेरै गर्न बाँकी छ। बेलबारीको समग्र विकास, आत्मनिर्भरता, समाजवादउन्मुख अर्थतन्त्र, सुन्दर र नमूना शहर बनाउने लक्ष्यतर्फ यो नीति तथा कार्यक्रमले दिशाबोध गर्ने विश्वास लिएको छु ।*

*नगरपालिकाले नगरवासीको हितमा इमानदार, जिम्मेवार र जवाफदेही काम गर्दै आएको कुरा सर्वविदितै छ। नगरको दीर्घकालीन र दिगो विकासका लागि हामीले निर्माण गरेको ५ वर्षे आवधिक योजना*, **मध्यमकालीन खर्च संरचना,** *दिगो विकासका लक्ष्यहरूको जगमा टेकेर योजनाहरू निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन गरिरहेका छौं। जसबाट*

*नतिजामुखी विकासको प्रत्यक्ष प्रतिफल नगरवासीले प्राप्त गरिरहनुभएको छ। अझै पनि नगरवासीको समृद्धिको आकांक्षालाई सम्भावनामा बदल्नका लागि विगतमा झैं नगरवासीको सहयोगको अपेक्षा गरेको छु ।*

**नगरसभाका सदस्यज्यूहरू,**

*विगतमा हामीले सम्पन्न गरेका कामहरू र त्यसबाट प्राप्त सफलता र सिकाइका आधारमा आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु ।*

*अब म आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तयार गर्दा लिइएका आधारहरू प्रस्तुत गर्न गइरहेको छु ।*

- *नेपालको संविधान (२०७२),*
- *स्थानीय सरकार संचालन ऐन, २०७४,*
- *सङ्घीय सरकारको आवधिक योजना,*
- *दिगो विकासको लक्ष्यहरू,*
- *आ.व. २०८३/८४ को सङ्घीय सरकारको नीति तथा कार्यक्रम एवं बजेट र प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम,*
- *नेपाल सरकारको सोह्रौँ योजना (२०८१/०८२ – २०८५/८६)*
- *कोशी प्रदेश सरकारको दोस्रो योजना (२०८१/०८२ – २०८५/८६)*
- *नेपाल सरकारका स्वीकृत क्षेत्रगत नीतिहरू,*
- *मन्त्रालय र राष्ट्रिय योजना आयोगका निर्देशन/परिपत्रहरू,*
- *बेलबारी नगरपालिकाको आवधिक योजना २०८१।०८२ देखि २०८४।०८५ दीर्घकालीन लक्ष्य उद्देश्य र रणनीति*
- *बेलबारी नगरपालिकाको आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, २०८२*
- *बेलबारी नगरपालिकाको मध्यमकालीन खर्च संरचना*
- *राजनीतिक दलहरूको घोषणापत्र,*
- *राजनीतिक दलहरूको सुझाव,*
- *नागरिक समाज लगायत सरोकारहरूको सुझाव,*
- *गैर सरकारी संस्था, बुद्धिजीवी तथा टोल विकास संस्थाहरूबाट प्राप्त सुझाव ।*

**यस नीति तथा कार्यक्रमले निम्न विषयलाई प्राथमिकतामा राखेको छ ।**

- *कृषि तथा पशुपालन ।*
- *शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणात्मक परिवर्तन ।*
- *समावेशी, दिगो, गुणस्तरीय पूर्वाधार ।*
- *युवा, रोगजार र स्वरोजगारका लागि प्रयत्न ।*
- *पर्यापर्यटनको विकास र विस्तारबाट रोजगारी सृजना ।*
- *वित्तीय सुशासन कायम गर्न नीतिगत तथा संस्थागत सुधार ।*

**अब क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।**

## १. आर्थिक विकास

### (क) कृषि तथा पशुपालन

*१. बेलबारी नगरपालिकालाई कृषि उत्पादन तथा व्यावसायिक कृषिको केन्द्रका रूपमा विकास गर्दै कृषि यान्त्रिकीकरण, सिँचाइ विस्तार, उन्नत बिउबिजन, आधुनिक प्रविधि तथा युवा कृषक उद्यमशीलता प्रवर्धन गरिनेछ ।*

*२. मकै, धान, तोरी लगायत प्रमुख खाद्यान्न, तरकारी, फलफूल, मौरीपालन तथा उच्च मूल्यका कृषि बालीको उत्पादन वृद्धि गरी कृषि आत्मनिर्भरता र बजारीकरणमा जोड दिइनेछ ।*

*३. गुणस्तरीय बिउ उत्पादन, बेमौसमी खेती, जैविक मलको प्रयोग बढाउने र विषादी प्रयोग न्यूनीकरण मार्फत माटो उर्वराशक्ति संरक्षण र बाली संरक्षण कार्यक्रम प्रभावकारी बनाइनेछ ।*

*४. कृषक समूह, सहकारी तथा कृषि उद्यमीलाई उत्पादन, प्रशोधन तथा बजारीकरणमा सहजीकरण गरिनेछ ।*

*५. बाँझो तथा उपयोगविहीन कृषि योग्य जमिनको संरक्षण, व्यवस्थापन र उत्पादनमूलक उपयोग सुनिश्चित गर्दै भूमि बैंक स्थापना गरी व्यवसायिक कृषि प्रवर्द्धन गरिनेछ तथा कृषकहरूलाई न्यूनतम तीन बाली लगाउन प्रोत्साहित गर्दै बाँझो जमिन उपयोग तथा उत्पादनमुखी कृषि कार्यक्रम सञ्चालन गरिनेछ।*

*६. साना किसान लक्षित सिँचाइ पूर्वाधार तथा कृषि सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।*

*७. सामुदायिक वन तथा सरोकारवालासँगको सहकार्यमा कृषि उत्पादन तथा आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ ।*

*८. बेलबारी नगरपालिकामा दुग्ध, मासु तथा अण्डा उत्पादनमा कायम आत्मनिर्भरतालाई निरन्तरता दिँदै माछा, तरकारी तथा फलफूल उत्पादनमा पनि आत्मनिर्भरता हासिल गरिनेछ ।*

*९. पशुपन्छी उपचार, रोग निदान, खोप, घुम्ती पशु स्वास्थ्य सेवा तथा पशुसेवा केन्द्रको सेवा विस्तार गरिनेछ।*

*१०. पशु नश्ल सुधार, हरियो घाँस विस्तार, मत्स्यपालन प्रवर्धन तथा पशुजन्य उत्पादनको बजारीकरणमा जोड दिइनेछ ।*

*११. बेलबारी नगरपालिका वडा नं. ४ मा रहेको चिस्यान केन्द्रलाई किसानहरूको उत्पादन संरक्षण, भण्डारण तथा बजारीकरणका लागि प्रभावकारी रूपमा उपयोग गरिनेछ ।*

### (ख) पर्यटन पूर्वाधार विकास

*१. पर्यटन क्षेत्रको दीर्घकालीन विकासका लागि पर्यटन गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।*

*२. प्रमुख पर्यटकीय गन्तव्य तथा धार्मिक क्षेत्रहरूको संरक्षण, सौन्दर्यीकरण, जिर्णोद्वार र पूर्वाधार विकास गरिनेछ।*

*३. मुख्य पर्यटकीय केन्द्र जोड्ने सडक तथा पर्यटन पूर्वाधारको स्तरोन्नति गरिनेछ।*

*४. बेतना कछुवा संरक्षण अनुसन्धान केन्द्र, धिमाल जीवित संग्रहालय, धनपालगढी, रमिते क्षेत्र, बेतना, अमना सिसौली, सिर्जना पार्क तथा अन्य सम्भावित पर्यटकीय गन्तव्यहरूको विकास गरिनेछ।*

*५. धिमाल समुदायमा आधारित होमस्टे तथा सांस्कृतिक पर्यटन प्रवर्धन गरिनेछ।*

*६. पर्यटन करिडोर विकास तथा पर्यटन प्रवर्धनका लागि प्रचार–प्रसार कार्यक्रम सञ्चालन गरिनेछ।*

### (ग) उद्योग, व्यापार, सहकारी तथा उद्यमशीलता

*१. स्थानीय उत्पादनको ब्रान्डिङ, प्रशोधन तथा बजार प्रवर्धन गरिनेछ।*

*२. युवा तथा महिला उद्यमशीलता विकास, स्वरोजगार तथा साना उद्योग प्रवर्धन गरिनेछ।*

*३. कृषि उपजमा आधारित उद्योग तथा लगानीमैत्री वातावरण निर्माण गरिनेछ।*

*४. व्यवसाय दर्ता, अभिलेखीकरण तथा स्थानीय बजार व्यवस्थापनलाई व्यवस्थित गरिनेछ।*

५. उद्योग वाणिज्य संघ तथा निजी क्षेत्रसँगको सहकार्यलाई प्रभावकारी बनाइनेछ।
६. श्रम सूचना तथा तथ्याङ्क प्रणाली विकास गरी रोजगार प्रवर्धन गरिनेछ।
७. सहकारी संस्थाहरूको अनुगमन, क्षमता विकास, डिजिटल कारोबार तथा उत्पादनमुखी सहकारी अभियान सञ्चालन गरिनेछ।
८. नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।
९. लघु उद्यमीहरूको उन्नतिको लागि विषेश प्राथमिकता साथ नीति बनाइनेछ ।
१०. लघु उद्यमीहरूको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्न सहयोग गरिनेछ ।
११. ढाका, पेटानी, जुत्ताचप्पल लघु उद्योगको स्थापना, बाँसको सामग्री उत्पादन, विकास र बजारीकरणमा सहयोग गरिनेछ ।
१२. बेलबारी सपिङ्ग कम्प्लेक्स तथा स्थानीय उत्पादन केन्द्रको प्रभावकारी उपयोगमार्फत स्थानीय उत्पादनको प्रवर्द्धन, प्रदर्शनी, बजारीकरण तथा बिक्री–वितरणलाई प्रोत्साहन गरिनेछ।
१३. महिलाद्वारा सञ्चालन हुने उद्यम तथा व्यवसायको दर्ता शुल्क निःशुल्क गरी महिला उद्यमशीलता प्रवर्द्धन गरिनेछ।

## २. सामाजिक विकास

### (क) शिक्षा तथा खेलकुद

१. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालय शैक्षिक सुधार तथा सार्वजनिक शिक्षा सवलीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
२. नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वियन मार्फत गुणस्तरीय, समावेशी तथा प्रविधिमैत्री शिक्षाको विकासलाई प्राथमिकता दिइनेछ ।
३. विद्यालयहरूमा डिजिटल तथा प्रविधिमैत्री शिक्षण सिकाइ प्रणाली विस्तार गरिनेछ।
४. विज्ञान, सूचना प्रविधि, सीपमूलक शिक्षा तथा प्रयोगशाला व्यवस्थापनमा जोड दिइनेछ।
५. विद्यालय छाड्ने दर न्यूनीकरण, छात्रवृत्ति तथा उच्च शिक्षामा पहुँच अभिवृद्धि गरिनेछ।
६. मातृभाषा शिक्षा, अतिरिक्त कक्षा, भोलेन्टियर शिक्षक तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
७. विद्यालयको शैक्षिक वातावरण, पुस्तकालय, ICT ल्याब तथा बगैँचा व्यवस्थापन सुधार गरिनेछ।
८. खेलकुद पूर्वाधार विकास, खुला व्यायामशाला तथा खेल मैदान निर्माणमा जोड दिइनेछ।
९. नगरस्तरीय खेलकुद महोत्सव, अन्तरविद्यालय प्रतियोगिता, अन्तर्राष्ट्रिय गोल्डकप तथा विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ।
१०. विषयगत खेल प्रशिक्षण, खेलाडी सम्मान तथा युवा क्लब प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।
११. जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति कोष स्थापना गरिनेछ ।
१२. सर्वसुलभ र निःशुल्क शिक्षा प्रदान गर्ने उद्देश्य सहित कक्षा १२ सम्म मासिक शुल्क निःशुल्क कार्यक्रमलाई निरन्तरता दिइनेछ।
१३. छात्रासँग उपप्रमुख कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

### (ख) स्वास्थ्य

१. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच र सेवा सुनिश्चित गरिनेछ।
२. नगर अस्पताल तथा स्वास्थ्य संस्थाहरूको पूर्वाधार, उपकरण तथा सेवा विस्तार गरिनेछ।
३. २४ घण्टा एम्बुलेन्स सेवा तथा आकस्मिक स्वास्थ्य सेवा सुदृढ गरिनेछ।
४. मातृ तथा शिशु स्वास्थ्य, खोप तथा गाउँघर क्लिनिक कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।
५. निःशुल्क औषधि आपूर्ति तथा भण्डारण प्रणालीलाई चुस्त बनाइनेछ।

६. *आङ खस्ने समस्या, पाठेघरको क्यान्सर, नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।*

७. *दीर्घरोगी तथा विपन्न नागरिकलाई उपचार सहायता उपलब्ध गराउन जनता उपचार कोषलाई निरन्तरता दिईनेछ ।*

८. *आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको विस्तार गरिनेछ ।*

९. *क्षयरोग मुक्त नगर अभियान सञ्चालन गरिनेछ।*

१०. *पाँच वर्ष भन्दा मुनिका बालबालिकाहरुको पोषण लेखाजोखा गरी कुपोषण रहित नगरपालिका बनाइनेछ।*

११. *विद्युतीय स्वास्थ्य (E- Health) को अवधारणालाई स्थानीयस्तरमा विकास गरी लागू गरिनेछ ।*

१२. *स्वास्थ्य क्षेत्रमा सरकारी, निजी तथा गैरसरकारी क्षेत्र बीचको सहकार्य तथा साझेदारीलाई प्रवर्धन, व्यवस्थापन र नियमन गरी स्वास्थ्य सेवा क्षेत्रमा लगानीलाई प्रोत्साहन गरिनेछ।*

१३. *नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति, परिवार, समाज तथा सम्बन्धित निकायलाई जिम्मेवारी बनाउँदै लगिनेछ ।*

१४. *नयाँ शैक्षिक सत्रमा विद्यालय भर्ना अभियानमा सबै वालवालिकाहरूले पूर्णखोप लगाएको नलगाएको सुनिश्चित गरिनेछ ।*

१५. *सबै नागरिकहरूलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गर्दै लगिनेछ ।*

१६. *लागू औषध दुर्व्यसनी तथा यसको अवैध कारोबार नियन्त्रणका लागि सचेतना, रोकथाम, उपचार र पुनर्स्थापना केन्द्रित कार्यक्रम सञ्चालन गरिनेछ ।*

१७. *उपप्रमुखसँग मातृशिशु कार्यक्रमलाई निरन्तरता दिईनेछ ।*

**(ग) महिला, बालबालिका तथा सामाजिक समावेशीकरण**

१. *महिला सशक्तीकरण, नेतृत्व विकास, सीप विकास तथा आय आर्जन कार्यक्रम सञ्चालन गरिनेछ।*

२. *महिला हिंसा, सामाजिक कुरीति तथा लैङ्गिक विभेद विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।*

३. *बालमैत्री स्थानीय शासन तथा बालमैत्री नगरपालिका घोषणा कार्यक्रम कार्यान्वियन गरिनेछ।*

४. *ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय तथा विपन्न वर्गका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।*

५. *आदिवासी जनजाति, दलित, पिछडावर्ग तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।*

६. *बालमैत्री/अपाङ्गता मैत्री पूर्वाधार विकास कार्यलाई निरन्तरतता दिईनेछ ।*

७. *जोखिममा रहेका महिला/ हिंसामा रहेका महिलाहरुको लागि कोष संचालन गरिनेछ ।*

८. *मनोसामाजिक परामर्श तथा पुनस्थापना सेवा उपलब्ध गराईनेछ ।*

९. *अपाङ्गता भएका व्यक्तिहरू तथा अटिजम भएका बालबालिकाहरूको र व्यक्तिहरूको पहिचान र अभिवावहरूका लागि तालिम, सहायक सामग्री वितरण, सामाजिक–आर्थिक सशक्तीकरण तथा पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गरिनेछ।*

१०. *बालापनको रक्षा भविष्यको सुरक्षा (बाल संरक्षण प्रणाली सुदृढीकरण ) कार्यक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वियन गरिनेछ ।*

**घ) श्रम, रोजगारी र सामाजिक सुरक्षा तथा गरिवी निवारण:**

१. *नगरपालिकाबाट श्रम तथा रोजगारीका लागि बाहिरिएका युवाहरूको पूर्ण विवरण तयार पारिनेछ ।*

२. *सफल युवा व्यवसायीहरूसँग साक्षात्कार गरी युवाहरुलाई अभिप्रेरित गरिनेछ ।*

३. कुलतमा फसेका युवाहरूको  विवरण तयार गर्न  युवा क्लबहरुको परिचालन गरिनेछ तथा लागु औषध प्रयोगकर्ताहरुको पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।
४.  युवा लक्षित आय आर्जनका कार्यक्रमहरु संचालन गरी आन्तरिक रोजगारी सृजना प्रवर्धन गरिनेछ ।
५. योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
६. सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी जनचेतना तथा प्रचार प्रसार गरी पहुँच अभिवृद्धि गरिनेछ ।
७. "श्रमको सम्मान, राष्ट्रको अभियान" सम्बन्धी क्रियाकलाप संचालन गरिनेछ ।
८. कार्यस्थलमा आधारित सिप/क्षमता विकास तालिम र जीवन उपयोगी सिप तालिम सञ्चालन गरिनेछ ।
९. रोजगार संवाद मञ्चको सञ्चालन गरिनेछ ।
१०. आन्तरिक रोजगार प्रवर्धनका लागि बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्धन कार्यक्रममा आवद्ध गर्दै लगिनेछ ।
११. बेरोजगार व्यक्ति र रोजगार दाताको तथ्याङ्क संकलन तथा अभिलेख व्यस्थापन गरी रोजगारदातासँग समन्वय गरी रोजगारी सृजना गर्न सहयोग गरिनेछ ।
१२. रोजगार केन्द्रलाई सक्रिय बनाई नगरपालिकामा निरन्तर श्रृजना हुन सक्ने रोजगारका क्षेत्रका बारे सम्भाव्यता अध्ययन तथा अनुसन्धान गरिने छ ।
१३. दुःखमा नगरपालिका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**(ङ) शान्ति सुरक्षा: शान्ति सुरक्षा सहितको सुरक्षित नगरपालिका**

१. मानव–हात्ती द्वन्द्व न्यूनीकरण गरी नागरिकको सुरक्षा सुनिश्चित गर्न नवीन प्रविधिमैत्री र दीर्घकालीन कार्यक्रमहरू अगाडि बढाइनेछ ।
२. सुरक्षाका लागि प्रहरी चौकी स्थापना गर्नुपर्ने आवश्यकता भएका स्थानहरूको अध्ययन गरी सुरक्षा निकायसँग समन्वय गरिनेछ।
३. आवश्यकताका आधारमा नगर प्रहरी विस्तार गरिनेछ ।
४. विशेष उद्धार टोली निर्माण गरी विपद व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।
५. सघन वस्ती रहेका बजार क्षेत्रहरूमा आवश्यकताका आधारमा CCTV जडान गरिनेछ ।
६. नगर प्रहरीलाई संवेदनशीलताका आधारमा क्षमता विकास तालिम प्रदान गरिनेछ ।
७. सडक बत्ती व्यवस्था गरी उज्यालो सडक, चोक, बजार सुरक्षित गरिनेछ ।

**(छ) संस्कृति, भाषा, कला तथा सहित्य : सभ्य र सुसंस्कृत समाजको निर्माण**

१. बेलबारी प्रज्ञा प्रतिष्ठानलाई थप व्यवस्थित र प्रभावकारी रुपमा संचालन गरिनेछ ।
२. नगरपालिकामा प्रचलनमा रहेका सबै प्रकारका अमूर्त सांस्कृतिक सम्पदाको वस्तुगत तथा विस्तृत पार्श्वचित्र तयार पारि सूचिकरण गरिनेछ ।
३. विद्यालयस्तरमा कला, साहित्य र संस्कृतिमा विशेष झुकाव भएका विद्यार्थीहरूको पहिचान गरी व्यवस्थित अभिलेख तयार पारिनेछ ।
४. सांस्कृतिक गतिविधिहरू पर्यटनसंग आबद्ध गर्न व्यापक प्रचार प्रसार गरिने छ ।
५. लोपोन्मुख सांस्कृतिक गाथाहरू संरक्षण गर्न विशेष समारोह आयोजना गरिने छ ।
६. नगरपालिकास्तरीय बौद्धिक समाजको मुखपत्रमार्फत बौद्धिक तथा साहित्यिक लेख रचनाहरू नियमित प्रकाशन गर्न संभाव्यता अध्ययन गरिनेछ ।
७. बेलबारी नगरपालिकामा एक प्रदेश स्तरीय कला केन्द्र स्थापना गर्न पहल गरिनेछ ।
८.  अभौतिक साँस्कृतिक सम्पदा, स्थानीय कला, भाषा तथा सँस्कृतिको संरक्षण तथा प्रवर्धन गरिनेछ।

## ३.पूर्वाधार विकास

### क) सडक, भवन तथा ऊर्जा

१. *नगरभित्रका रणनीतिक सडकहरूको स्तरोन्नति गरिनेछ।*
२. *कालोपत्रे, ढल तथा सडक सुरक्षासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।*
३. *कृषि सडक तथा ग्रामीण पहुँच मार्गको विस्तार गरिनेछ।*
४. *आयोजनाहरुको प्राथमिकताका आधारमा आयोजना बैंक स्थापना गरी योजना तर्जुमा प्रकृयालाई मध्यमकालीन खर्च संरचना अनुसार व्यवस्थित गर्दै लगिनेछ ।*
५. *सम्पूर्ण वडा केन्द्रलाई नगरपालिका केन्द्रसँग जोड्ने मुख्य–मुख्य सडकहरूलाई उच्च प्राथमिकतामा राखी शीघ्र स्तरोन्नति तथा कालोपत्रे गरिनेछ ।*
६. *पर्यटकीय सडक निर्माण गर्न संघ र प्रदेश सरकारसँग विशेष पहल गरिनेछ ।*
७. *सरकारी तथा सार्वजनिक भवनहरू अपाङ्ग मैत्री, बालमैत्री तथा महिला मैत्री बनाइने छ ।*
८. *आवास तथा भवन निर्माणमा स्थानीय स्तरमा उपलब्धता भएका निर्माण सामग्रीको उच्चतम प्रयोग गरिने छ ।*
९. *समयानुकुल भूकम्प प्रतिरोधी भवन निर्माण नीति अवलम्बन गरिनेछ ।*
१०. *घरनक्शा अभिलेख व्यवस्थापनलाई डिजिटल र प्रविधिमैत्री बनाइनेछ ।*
११. *बेलबारीलाई फुस्को छानामुक्त नगर बनाउन सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता गरिनेछ ।*
१२. *बेलबारी नगरपालिकाको "क" वर्गका सडकहरूलाई सडक अधिकार क्षेत्र १६ मि. भन्दा बढी कायम गरी सौन्दर्यीकरण, हरियाली प्रवर्धन तथा फुटपाथ व्यवस्थापन गर्दै लगिनेछ ।*
१३. *नगरपालिकाको केन्द्रबाट ग्रामीण क्षेत्रमा बसोवास गर्ने जनताको सहज पहुँच अभिवृद्धि गर्न गरिएको नगर बस सेवा संचालनलाई बिस्तार गरिनेछ ।*
१४. *विद्युत प्रसारण लाइन सुधार गर्न तथा भोल्टेज व्यवस्थापन गर्न विद्युत प्राधिकरणसँग समन्वय गरी कार्य गरिनेछ ।*
१५. *वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रसँग भएको सम्झौता बमोजिम विद्युतीय चुल्हो, सुधारिएको चुल्हो तथा वायो ग्याँस वितरणको कार्यलाई निरन्तरता दिइनेछ ।*

### ख) खानेपानी तथा सरसफाइ

१. *"एक घर एक धारा" अवधारणा अनुसार सुरक्षित शुद्ध खानेपानीमा पहुँच विस्तार गरिनेछ।*
२. *खानेपानी आयोजना समयमै सम्पन्न गरी सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।*
३. *जलाधार, मुहान तथा स्रोत संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।*
४. *बृहत् खानेपानी तथा सरसफाइ गुरुयोजना निर्माण गरिनेछ।*
५. *फोहोरमैला व्यवस्थापन तथा सरसफाइ प्रणालीलाई प्रभावकारी बनाउन अवलम्बन भएको सार्वजनिक निजी साझेदारी नीतिलाई निरन्तरता दिईनेछ ।*
६. *सरसफाइ तथा हरित टोल अभियान सञ्चालन गरिनेछ।*

### ग) वातावरण तथा विपद् व्यवस्थापन

१. *हरित बेलबारी अभियान अन्तर्गत वृक्षारोपण, हरित क्षेत्र विस्तार तथा नदी–खोला संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।*
२. *जैविक विविधता, जलाधार, सिमसार तथा पोखरी संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।*
३. *विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, उद्धार, राहत तथा जलवायु उत्थानशीलता कार्यक्रम सञ्चालन गरिनेछ।*

४. नगरस्तरीय आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरिनेछ ।

५. बाढी, कटान तथा नदी नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछ ।

६. मानव–हात्ती द्वन्द्व तथा जंगली जनावार मानव द्वन्द्व न्यूनीकरण तथा किसानहरूको सुरक्षा सुनिश्चित गर्न नवीन प्रविधिमैत्री र दीर्घकालीन कार्यक्रमहरू अगाडि बढाइनेछ, जसबाट किसानहरूको दुःख, जोखिम तथा क्षति न्यूनीकरण गरिनेछ ।

७. *Rapid Response team* लाई विपद व्यवस्थापनमा परिचालन गरिनेछ ।

८. सरुवा रोग किटजन्य रोग पशुपंछीजन्य रोग जलवायू परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्यको योजनाहरू अवलम्बन गरिनेछ ।

**(घ) लागत सहभागिता र जनपरिचालन: जनताको संलग्नतामा नगरको विकास**

१. भौतिक पूर्वाधार विकास निर्माण गर्दा सार्वजनिक तथा निजी क्षेत्रको समेत साझेदारी रहने नीति अवलम्बन गरिनेछ ।

२. टोल विकास संस्था मार्फत सञ्चालन हुने आयोजनाहरूको अपनत्व साथै प्रभावकारितामा अभिवृद्धि गरी पूर्वाधार निर्माणका कार्यलाई गुणस्तरयुक्त र दिगो बनाइनेछ ।

३. योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयन, स्वामित्व अभिवृद्धि तथा दिगोपनाका लागि लाभग्राही तथा सरोकारवालाहरुको लागत सहभागितालाई प्रोत्साहन गरिनेछ ।

| क्र.स. | सहभागिता गर्ने क्षेत्र | नगरपालिकाले व्यहोर्ने प्रतिशत | साझेदारले व्यहोर्ने प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | ढल निकास (ड्रेन) | ८५ | १५ | तोकिएको प्रतिशत साझेदारबाट नउठ्ने भएमा प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्ती गर्ने । |
| २. | ब्लक निर्माण | ८० | २० | |
| ३. | एजिङ्ग | ८५ | १५ | |
| ४. | ग्राभेल | ९० | श्रमसहभागिता १० प्रतिशत | |
| ५. | माटो | ८० | २० | |
| ६. | ह्युमपाइप | ह्युमपाईप खरिद मात्र उपभोक्ता समितिबाट खरिद नहुने | | |
| ७. | सिँचाइका लागि RCC कुलो निर्माण | ८० | २० | |
| ८. | सिँचाइका लागि कुलो सफा | ५० | ५० | |
| ९. | सिँचाइका लागि RCC कुलो मर्मत | ८० | २० | |
| १०. | सिँचाइका लागि कुलो मर्मत | ७० | ३० | |
| ११. | नदी तटबन्धन | विपद व्यवस्थापन तथा न्यूनीकरण | | |
| १२. | बाढी, पहिरो नियन्त्रण, पूर्वाधार, परकुपाइन | १०० | ० | |
| १३. | पार्क निर्माण | ८० | २० | |
| १४. | बाटोको नयाँ ट्र्याक खोल्ने | ९० | १० प्रतिशत श्रमदान | |
| १५. | सौर्य/वैकल्पिक उर्जा | ८० | २० | |
| १६. | सडक वत्ती/सौन्दर्यकरण | ८० | २० | |

| क्र.स. | सहभागिता गर्ने क्षेत्र | नगरपालिकाले व्यहोर्ने प्रतिशत | साझेदारले व्यहोर्ने प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १७. | घेरावारा/जग्गा संरक्षण | ८० | २० | |
| १८. | सामाजिक/सामुदायिक/साँस्कृतिक भवन / स्थान / परिषर निर्माण | ८० | २० | |
| १९. | कल्भर्ट निर्माण | ९० | १० प्रतिशत श्रमदान | |
| २०. | खेलमैदान | ९० | १० प्रतिशत श्रमदान | |
| २१. | मर्मत सम्भार | ९० | १० प्रतिशत श्रमदान | |
| २२. | सार्वजनिक शौचालय | | | |
| २३. | भूमिगत सिँचाइ | ठेक्का प्रकृया | | |
| २४. | खानेपानी पूर्वाधार | ८० | २० | |
| २५. | सामुदायिक विद्यालय | | १० प्रतिशत श्रमदान | |

क. टोल विकास संस्थाले आयोजना कार्यान्वयन गर्दा उपभोक्ता निर्माण उपसमिति मार्फत गर्न सकिनेछ र सो समिति गठन गर्दा अनिवार्य रूपमा जनप्रतिनिधिको रोहवर भएको हुनुपर्नेछ ।

ख. आयोजनाको अनुगमन संस्थाको काम टोल विकास समितिले गर्ने र टोल विकास संस्थाको अनुगमन प्रतिवेदन सहित अन्तिम भुक्तानीका लागि वडामा सिफारिस गर्नुपर्नेछ ।

ग. दुई वा सो भन्दा बढी टोल विकास संस्थाको सिमाना वा क्षेत्रभित्र सञ्चालन हुने आयोजनाको हकमा सम्बन्धित टोल विकास संस्था सम्मिलित संयुक्त बैठकले निर्माण/मर्मत उपसमिति गठन गरी टोल विकास संस्थाले संयुक्तरूपमा अनुगमन गरी भुक्तानीका लागि वडामा सिफारिस गर्नुपर्नेछ ।

घ. बुँदा नं. ग बमोजिम गठन हुने निर्माण/मर्मत उपसमितिलाई टोल विकास संस्था सम्मिलित संयुक्त बैठकले तत् टोल विकास संस्थाहरूमध्येबाट कुनै एक टोल विकास संस्थाको बैंक खातामा कारोबार गर्न र छाप प्रयोग अनुमति दिने निर्णय गर्नुपर्नेछ ।

## ४. सुशासन तथा संस्थागत विकास

१. सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो तथा प्रविधिमैत्री बनाइनेछ।

२. विद्युतीय शासन प्रणाली विस्तार गरी डिजिटल तथा स्मार्ट नगर अभियान कार्यान्वयन गरिनेछ।

३. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नागरिक सहभागितामूलक अनुगमन प्रणाली प्रभावकारी बनाइनेछ।

४. राजस्व प्रशासन तथा आन्तरिक राजस्व अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

५. सम्पत्ति, व्यवसाय तथा अन्य करदाताको अभिलेख अद्यावधिक गरी कर प्रणालीलाई प्रविधिमैत्री बनाइनेछ ।

६. करदाता शिक्षालाई प्रवर्धन गर्दै स्वेच्छिक कर सहभागितालाई प्रोत्साहन गरिनेछ ।

७. निजी क्षेत्र, सहकारी, सामुदायिक क्षेत्रहरुको साझेदारी मार्फत आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

८. मितव्ययी, परिणाममुखी तथा वित्तीय अनुशासनयुक्त बजेट प्रणाली अवलम्बन गरिनेछ।

९. बेरुजु न्यूनीकरण तथा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरिनेछ।

१०. कर्मचारी क्षमता विकास तथा संस्थागत सुदृढीकरणमा जोड दिइनेछ।

१२. *अभिलेख व्यवस्थापन तथा सूचना प्रविधिमा आधारित सेवा प्रणाली विकास गरिनेछ।*

१२. *दमकल, एम्बुलेन्स तथा शववाहन सेवा प्रभावकारी बनाइनेछ।*

१३. *अन्तरपालिका समन्वय, सूचना प्रवाह तथा सञ्चार माध्यमसँग सहकार्यलाई सुदृढ गरिनेछ।*

**अन्त्यमाः**

*आर्थिक वर्ष २०८३/०८४ को यो नीति तथा कार्यक्रमले बेलबारी नगरपालिकालाई उत्पादनमुखी, आत्मनिर्भर, सुशासित, समावेशी तथा समृद्ध नगरका रूपमा विकास गर्ने लक्ष्य लिएको छ। यस महान अभियानमा नगरवासी, जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज तथा विकास साझेदारहरूको सक्रिय सहयोग र सहभागिताको अपेक्षा गर्दछु।*